संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित
मुलुकी
राष्ट्रिय दैनिक
खबर
माझखर्क
साप्ताहिकको सह-प्रकाशन
बर्ष-१५, अंक ३६७ साउन १० आईतबार,२०७८, July–25 Sunday2021, यलेदुङ किरात सम्वत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ पृष्ठ -४ मूल्य रु. १०/- www.majhkharka.com

होटल बिक्रीमा
हाल चल्तिमा रहेको गाईघाट स्थित पूर्वपश्चिम कच्चा बस पार्कको मुखैको PK सेकुवा कर्नर (होटल) बिक्रिमा छ ।
लिन ईच्छुक महानुभावले तु.सम्पर्क गर्नुहोला ।
9813825142/9863914012

लिमचुङबुङले चार वर्षमा के गर्‍यो ?

❖ बुद्धि कुमार राई

लिमचुङबुङ, साउन ९
उदयपुरको उत्तरी बिकट लिमचुङबुङ गाउँपालिकाले बितेको ४ वर्षमा एउटा वडा कार्यालय बनाएको छ । गाउपालिकाको ५ वटा वडाहरु बास्बोटे १, ताम्लिछा २, बाराहा ३, बलम्ता ४ र जाते ५ नम्बर वडा हुन । अहिले वडा नम्बर ५ जातेको वडा कार्यालय बनेको छ ।

गाउँपालिका केन्द्र रहेको वडा नम्बर ३ बाराहामा गाउपालिकाको आफ्नै भबन छैन । पालिकाको दुई वटा कार्यालय रहेकोमा योउटा कार्यालय भाडामा छ ।पालिकाले अर्को कार्यालय भने निशुल्क जग्गा लियर कार्यालय रहुन्जेल बस्ने शर्तमा १२ लाख ५० हजार लगानी गरेर पालिकाको अस्थायी भबन बनाएको छ । भाडामा लिएको अर्को भबनको भने मासिक १० हजार भाडा तिरिरहेको लेखा अधिकृत ताराकिरण राइले जानकारी दिए । अधिकृत राईको अनुसार अहिले गाउपालिकाको भवन निर्माणका लागि १५ रोपनी जग्गा निशुल्क प्राप्त भएको र सो जग्गामा गाउपालिकाको भबन निर्माणको लागि ३ बर्षमा बन्ने गरि ५ करोड ५० लाखमा भबन ठेक्का लागिसकेको छ ।

आधारभूत स्वास्थ्य केन्द्र
समुदायमा स्वास्थ्य
समुदघाटन कार्यक्रम
मिति : २०७८/०४/०४

अबको तीन बर्षमा गाउपालिकाले आफ्नै सुबिधा सम्पन्न भबन पाउने छ । त्यस्तै वडा नम्बर १ बास्बोटेको भने पुरानो भबनमा कार्यालय संचालन हुदै आएको छ । नया वडा कार्यालय भबनको लागि यो बर्ष ४५ लाख बजेट ब्यबस्था गरिएको छ । वडा नम्बर २ ताम्लिछाको वडा कार्यालय भबनको लागि ४५ लाख बजेट मा ३९ लाखमा भबन ठेक्का लागेको छ यो साल भबन बन्नेछ ।

-बाकि ३ पेजमा-

खोप आईपुग्यो, पर्सीदेखि दिइने

❖ रेनुकाकुमारी राई

उदयपुर, साउन ९
छिमेकी मुलुक चीनले दिएको कोविडविरुद्धको भेरोसिल खोप शनिबार उदयपुर आईपुगेको छ । प्रदेश स्वास्थ्य कार्यालयबाट आएको २४ हजार डोज खोप यही साता लगाउने गरी शनिबारदेखि नै बितरण कार्य थालिएको छ ।

आउँदो १२ गतेदेखि लगाउने गरी स्थानीयतहहरुलाई बोलाएर खोप बितरण भईरहेको स्वास्थ्य कार्यालय उदयपुरले जनाएको छ । कार्यालय प्रमुख मोहन सुबेदीका अनुसार यस पटक ५५ वर्षभन्दा माथिका नागरिकलाई यो खोप दिने तयारी भईरहेको छ ।यसअघि लगाइएका दुई चरणका खोप ६२ वर्षमाथिका बृद्धबृद्धालाई दिइएको थियो ।

यस पटकको खोप ५५ वर्ष माथिकालाई लक्षित समूह बनाएर दिन लागेको सुबेदीले बताए । उनीहरुसँगै सार्वजनिक यातायातका चालक, सहचालक, शिक्षक, प्राध्यापक, वैदेशिक रोजगारीमा जान भिसा लागिसकेका व्यक्ति, अत्यावश्यक सेवा अन्तर्गत खट्ने कर्मचारीलाई पनि पहिलो मात्राको रुपमा यो खोप दिइने छ ।

सहजरुपमा सबैतिर खोप समयमै लगाउने व्यवस्था मिलाउने उदेश्यले ४ नगर र ४ गाउँपालिका गरी ८ वटै स्थानीयतहलाई आवश्यक्ताको आधारमा खोप बितरण भईरहेको स्वास्थ्य कार्यालयले जनाएको छ । यसपछि आउने अर्को चरणको खोप ५० वर्षमाथिकालाई लक्षित गरी दिने कार्यक्रम सरकारले तय गरेको छ ।

स्वास्थ्यका खोप सुपरपाईजर चिरञ्जिवी निरौलाका अनुसार अहिलेसम्म उदयपुरमा @ xhf/

-बाकि ३ पेजमा-

जन्मदर्ता नहुँदा पढाई रोकियो

❖ मनिता कुमारी राई

गाईघाट,असार ९
त्रियुगा माध्यमिक विद्यालय गाईघाटले कक्षा ६ मा पढ्दै गरेका दुई विद्यार्थीको जन्मदर्ता नहुदा पढाई रोकेको छ । उदयपुर सदरमुकाम त्रियुगा नगरपालिका १५ खाँबु छामलिङ माईती भएका तारा राईकी जेठी छोरी मनिता राई अहिले १४ वर्षको भईन् भने माईली छोरी रुमा ९ वर्षकी भईन् ।

मनिता र रुमा दुबै जना त्रियुगा गाईघाटमा पढ्दै थिए । कक्षा १ देखि नै मावि गाईघाटमा पढेका यी दुवै दिदी बहिनी जब २०७६ सालमा कक्षा ६ को वार्षिक परीक्षा आयो जन्म दर्ता नभएका कारण परीक्षा फाराम भर्न पाएनन् । अहिले मनिता र रुमा दुवै गाईघाटमा आमा सँगै कोठामा बस्छन् । आमा ताराले ३ बिहे गरिन् । पहिलो श्रीमान् उदयपुरकै रौतामाई गाउँपालिका २ फ्तोक्सिन्टारका हुन् । पहिलो श्रीमानबाट छोराछोरीको जन्म नहुँदै श्रीमान्को मृत्यु भयो । त्यसपछि खोटाङको हलेशीका पुरुषसँग उनको बिहे भयो ।

दोस्रो बिबाहबाट दुई छोरी मनिता र रुमा जन्मिएका हुन् । दुई छोरीको जन्म भएपछि दोस्रो श्रीमान्को पनि मृत्यु भयो । दुवै श्रीमान्को अल्पायुममै मृत्यु भएका कारण ताराले नेपाली नागरिक्ता प्रमाणापत्र र बिबाह दर्ता केही बनाउन नभ्याएको बताउँछिन् । अहिले आमाको नागरिक्ता र बिबाह दर्ता नहुँदा दुवै छोरीको पढाई अघि बढ्न नपाएको हो ।

ताराका बुबा प्रेमभक्त राई अहिले त्रिनपा १५ खाँबु छामलिङमै बसोबास गर्छन् । दुई छोरीको जन्मपछि दोस्रो श्रीमानको निधन भयो । श्रीमानका वंश पहिचान हुने आफन्तको खोजी गर्दा हलेसीमा पत्ता लाग्न

-बाकि ३ पेजमा-

त्रियुगा जनता बहुमुखी क्याम्पस मोतीगडा
गाईघाट, उदयपुर
सगरमाथा अञ्चलकै अग्रणी एवम् QAA Certified यस क्याम्पसमा शैक्षिक सत्र २०७८ का लागि
Faculties
➢Management
➢Humanities
➢Education
+2 मा भर्ना खुल्यो !
कार्यक्रम
आवेदन फारम वितरण भईरहेको छ ।
प्रवेश परीक्षा श्रावण १८ गते सोमबार ।
परामर्श कक्षा श्रावण २२ शुक्रबार ।
कक्षा सञ्चालन श्रावण २५ गतेदेखि
आवश्यकता अनुसार पुन: प्रवेश परीक्षा लिइने
Contact No.
035-421435/420304
[illegible]
विशेष अवसर - SEE मा A+ ल्याउनेलाई मासिक शुल्कमा १०० % छुट
- SEE मा A ल्याउनेलाई मासिक शुल्कमा ५०% छुट
Computer Science मा सिट सङ्ख्या मात्र ३० !
Campus Chief
Visit Us At Least Once, Then feel the Difference !!

सम्पादकीय

फुलमाला लगाएर सम्मान गर्नुपर्छ

सडकपेटी, सडक, नाली केका लागि बनाइएको हो ? कसका लागि बनाइएको हो भन्ने ज्ञान अलिकती पनि नभएका जो व्यक्ति छन् गाईघाट बजारमा । सडकपेटी, सडकमा घर निर्माणका सामान राखेर अबरुद्ध गर्ने व्यक्तिलाई के गर्दा चाहिँ सडक अबरुद्ध गर्दैनन् ? अब फुलमाला लगाईदिएर सडकपेटी, सडक अबरुद्ध गरेकोमा सम्मान गर्नुपर्ने हो ? सुत्ने कोठा सुत्नका लागि, बस्ने कोठा बस्नका लागि, चर्पी दिशा पिसाव गर्नका लागि, बाटो मान्छे हिड्नका लागि, सडक सवारी साधन गुड्नका लागि, अनि सडकपेटी पैदलयात्रु हिड्नका लागि हो ।

गाईघाट बजारको सडकपेटीमा सामान राखेर बेच्ने, घर बनाउनका लागि ढुङ्गा, गिटी, इँटा, काठ थुपारेर सडक अबरुद्ध गर्ने हे महान् व्यक्ति हो, दिमाग अलिकती पनि छैन ? सडकपेटी कसका लागि हो ? सडकपेटी धान सुकाउनका लागि करोडौं लगानी गरेर बनाइदिएको हो ? ज-जसले सडकपेटी सडक अबरुद्ध गरेका अबुझ, घामट, थेत्तर व्यक्ति छन् तिनीहरुको घरभित्र पस्ने ढोका बन्द गरिदिए कस्तो हुन्छ ? लाज हुनुपर्ने घरवालाहरुलाई । सरम हुनुपर्ने, घिन लाग्नुपर्ने कठै बिचरा ! सडकपेटीमा सामान राखेर आफ्नो व्यक्तिगत नाफा गर्ने, व्यापार व्यवसाय गर्ने अनि पैदलयात्रुको सडकपेटीमा हिड्न पाउने अधिकार हनन गरेर, खोसेर खाएर ङिच्च दाँत देखाउन लाज हुदैन ? गाईघाट बजार को बैङ्क लाइनको सडकपेटीमा धान सुकाउने महान व्यक्तिहरुले आफ्ना अबिभाबकहरुलाई सडकपेटी, सडकमा धान सुकाउन हुदैन भनेर सम्झाउन सकिन्न होला ? हो, सडकपेटी, सडक अबरुद्ध गर्नुहुन्न भनेर सबैले बुझे कति सुन्दर हुन्थ्यो ।

अब सडकपेटीमा सामान राखेर बेच्ने, घर निर्माणका सामाग्री राख्ने व्यक्तिको सामान जफत गर्न नगरपालिका अघि सर्नु पर्छ । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत र नगरप्रमुखको आदेश पर्खने नगर प्रहरीले आफ्नो अधिकार प्रयोग गर्नु पर्दछ । नगरपालिकाको हित र सुन्दरताका लागि नै भनेर जागीरमा भर्ना गरिएका नगर प्रहरीले आफ्नो जागीरको सोभ्mो गर्नका लागि पनि काम गर्नु पर्दछ । आफ्नो पसल अगाडि, सडकपेटी र आफ्नो घर अगाडि सामान राखेर बेच्न दिने, सडकपेटीमा सामान राखेर भाडा उठाउने घरपेटीलाई कडा कारबाही गर्नु पर्छ ।

नगर प्रहरी देख्दा हटाउने र नहुदा सामान राखेर बेच्ने व्यापारीलाई कारबाही गर्नु पर्दछ । सडकपेटीमा सामान राखेर बेच्ने व्यापारीहरुको सामान किन्ने उपभोक्तालाई पनि हतोत्साह गर्नु पर्दछ । मुख्य कुरा नगरपालिकाका मेयर र प्रमुख प्रशासकीय अधिकृतले पनि पूर्ण अधिकार नगर प्रहरीलाई दिनु पर्दछ । नगर प्रहरीले पनि सडकको सुन्दरता थप्ने खालका काममा अधिकारको पूर्ण प्रयोग गर्नु पर्दछ । लाज, सरम, घिन नलाग्ने र सडक र सडकपेटीमा सामान राखेर पैदल यात्रुलाइ अबरोध गर्ने महान् व्यक्तिहरुलाई यति भन्दा नि नलागे नसुने फुलमाला लगाइदिएर, अबिर लगाइदिएर सम्मान गर्दै उनीहरुको सामान जफत गर्नु पर्दछ । अनि मात्र सुनुवाई होला जस्तो छ । सडक र सडकपेटी खुल्ला होला जस्तो छ ।

गिदेरी खोलामा भएको यत्ति हो

❖ **मुलुकी संबाददाता**



बेलका, साउन ९

असार दोस्रो साता आएको बाढीले उदयपुरको बेलका नगरपालिका ५ जहडास्थित गिदेरी खोलाको बाँध भत्काउन सुरु गरेपछि सडक डिभिजन कार्यालय लहानले मर्मत गरेको छ । तत्कालका लागि बाँधलाई थप क्षती हुन नदिन १ सय २६ मिटर लम्बाई र २ मिटर उचाइको बाँध बनाउन १ सय २६ घनमिटर तारजाली ढुंगा लगाएको डिभिजन कार्यालय लहानका सुपरभाइजर केशब आचार्यले जानाकारी दिए ।

उनका अनुसार अझ १ मिटर उचाईसम्म जाली लगाउनु पर्नेछ । बाँधको रोकथामका लागि बेलका नगरपालिकाले मर्मत गर्न ७ वटा जाली दिएको जनाइएको छ । तर, उक्त जाली विभागले प्रयोग नगरी फर्काइदिएको आचार्यले जानकारी दिए । गिदेरी खोला पुल निर्माण मर्मत सम्भारमा ६ लाख बढी खर्च लागिसकेको विभागले जनाएको छ ।

अझ १ मिटर उचाई र ५० मिटर लम्बाइमा तारजाली भर्न ढुंगा लगाउनुपर्ने भएकाले थप बजेट आवश्यक पर्ने सुपरभाईजर आचार्यले बताएका छन् ।

बिके किराना पसल

पूर्णपुष्टि
PURNAPUSTI
FASHION

३३ वर्ष अघि २०४५ साल मंसिर १ गतेदेखि ग्राहकहरुको सेवामा समर्पित ।

गुणस्तरीय सामान सस्तो, सुपथ मुल्यमा आफै सामान छान्न सकिने, डिपाटमेन्ट स्टोस जस्तै सेवा भएको , होम डेलिभरी सेवा भएको विगत ३३ वर्ष अघिदेखि गाईघाटको ग्राहकहरुको सेवा बिके किराणा पसल । गाईघाट, असारी रोड लालिगुरास बोडिङ पूर्व मन्दिर संगै, उदयपुर ।

प्रोपाइटर - भरत चामलिङ राई

जन्मदर्ता

सकेन । उनका नन्दहरु भने सुनसरीको धरानमा छ भन्ने खबर पाए पनि अहिलेसम्म सम्पर्कमा आएका छैनन् ।

त्यसपछि तारा राईले पुन: तेस्रो बिहे गरेर एक छोरी जन्माइन् । तेस्रो श्रीमाम पटिको छोरी उमा भने ६ वर्षका भए उनलाइ भने अहिले उनका आफ्ना बुबाले लगिसकेका छन् ।

सहारा नभएका तारा राइलाइ लाग्छ अहिले आफ्नो नागरिकता, बिबाह दर्ता र छोरिहरुको जन्मदर्ता बनाईदिने कोहि महिला, एकल अधिकारकर्मी छन् कि गाईघाटमा ? जसले मेरा दुई छोरीको जन्म दर्ता बनायर बिधालयमा पढ्न मिल्ने वातावरण बनोस् ।

आफू एक्लो र दुई छोरिलाइ खान बस्न उनी दिनभरी मजदुरको काम गर्छन । पढाइ लेखाइ छैन कहाँ जाने कसलाइ के भन्ने केही थाहा छैन ।

तारा राई र उनका दुई छोरिको कसैले त बाधा फुकाइदिनुस । उदयपुर मा महिला, एकल महिलाको लागि काम गर्ने सस्था व्यक्ति कोही छन् त ?

लिमचुङबुङ...

वडा नम्बर ३ बाराहाको लागि भने वजेट परेन । बिगत दुई बर्ष देखि वडाले वडा भबन भन्दा पनि शिक्षा को बिकासको निम्ति बजेट खर्चिरहेको छ । वडा नम्बर ३ बाराहाको वडा को आफ्नै पुरानो भबन छ । सामान्य घरमा वडा कार्यालय संचालन गरिरहेको वडा नम्बर ४ बलम्ताको वडा कार्यालय बनाउने जग्गा नहुदा वडा कार्यालय भबन बनाउने जग्गाखिरहेको छ वडा कार्यालय ।

वडा कार्यालय भबन निर्माणको लागि आएको ८३ लाख बजेटले जग्गा किन्नको लागि जग्गा खोज्ने काम अगाडि बढिरहेको गाउपालिका लेखा प्रमुख राइले जानाकारी दिए । आफ्नै पुरानो भबनमा कार्यालय संचालन गरिरहेको वडा नम्बर ५ जाते गाउपालिकाको अन्तिम दछिणी वडा हो । जाते छिमेकि गाउपालिका रोउतामाइ गाउपालिका सङ्ग सिमा जोडिएको छ । जातेको वडा कार्यालय भने ३९ लाखमा भर्खरै निर्माण सकिएको छ ।

काम गर्न कर्मचारीहरु लाई असहज भएको छ भने गाउपालिका र वडाबासिहरुलाइ पनि सेवा लिन असहज बनेको छ ।

पर्सी...

५ सयलाई भारतीय कम्पनीको कोविसिल्ड खोप दिइसकिएको छ । तर, सुरुमा खोप लिने १५ हजार ४ सयमध्ये १२ हजारले भने पहिलो मात्रा मात्र लिन पाएका छन् । ०७७ माघ १४ देखि चलाइएको खोप अभियानमा १२ हजारले पहिलो मात्रा मात्र लगाएका छन् भने ३ साताभित्र लगाउनुपर्ने दोस्रो मात्रा भने भारतले दिन्छु भनेर नदिएपछि ६ महिना बित्नलाग्दासम्म लिन पाएका छैनन् । फागुन, चैत र वैशाखमा सोही कम्पनीको खोप ३ हजार ४ सय जनाले भने दुवै मात्रा लिइसकेका छन् ।

०७८ जेठ २५ देखि चलाइएको अर्को चरणको खोप ५ हजार १ सयले लगाएका छन् । चाईनिज कम्पनीको भेरोसिल खोप दुवै मात्रा सबैले लगाएको सुपरभाईजर निरौलाले बताए । अहिले आएको खोप पनि भेरोसिल नै हो र यो पनि दुवै मात्रा लगाउन मिल्नेगरी मौज्दात राखिएको उनले बताए ।

आउँदो १५ दिनभित्र अमेरिकन कम्पनीको जोन्सन एण्ड जोन्सन कम्पनीको १५ हजार डोज खोप पनि बिराटनगर आउने तयारीमा छ । बिराटनगर आएपछि उदयपुरमा पनि आउने र सो खोप ५० वर्षभन्दा माथिका उमेर समूहलाई दिइने निरौलाले बताए ।

त्रियुगा उधोग वाणिज्य संघको अत्यन्त जरूरी सूचना



त्रि.उ.वा.उदयपुर द.नं.:-१०८

त्रियुगा उधोग वाणिज्य संघ, उदयपुर

Shree Triyuga Chamber of Commerce & Industry, Udayapur

सदस्य :- नेपाल उधोग वाणिज्य महासंघ

(स्थापना :- २०५८)

TCCI

प. सं. :- ०७८/०७९

च. नं. :-

त्रियुगा उधोग वाणिज्य संघ
गाईघाट, उदयपुर
☎०३५-४२१५५५
Email : triyuga.cci@gmail.com

मिति : २०७८/४/०४

सूचना ! सूचना !! सूचना !!!

विश्वभरी महामारीको रुपमा फैलिएको कोभिड १९ ले गर्दा नेपाल सरकारले लगाएको देशव्यापी लकडाउनका कारण सम्पुर्ण उद्योग व्यावसाय मारमा परेको यो अबस्थामा नेपाल सरकार लगायत स्थानिय निकायले समेत सदस्यता नविकरणमा छुट दिएको व्यवस्थालाई मध्यनजर गर्दै यस त्रियुगा उद्योग वाणिज्य संघको मिति २०७८ साल श्रावण ४ गते बसेको वैठको निर्णयानुसार आ.व.०७८/०७९ को सदस्यता नविकरणमा ५० प्रतिशतले छुट गरिएको व्यहोरा सम्पुर्णमा जानकारीका लागि यसै सुचना मार्फत सूचित गरिन्छ ।

त्रियुगा उद्योग वाणिज्य संघ
गाईघाट, उदयपुर

मुलुकी दैनिक पत्रिकामा बिज्ञापन प्रकाशन गर्नुपरेमा, पत्रिकाको बार्षिक, मासिक ग्राहक बन्नुपरेमा, मासिक शुल्क बुझाउनुपरेमा ।

ब्यबस्थापक – ९८४२९८५१८८, ९८०३७२७८८०

गाईघाटे
सेकुवा कर्नर...
सम्पर्क – ९८६२९३६१९०
९८१९७४५०६७
स्थान – गाईघाट टेम्पुचोक

१, आलु	रु ४०
२, अदुवा	रु १६०
३, टमाटर	रु ६०
४, बन्दा	रु ६०
५, भेन्टा	रु ८०
६, खुर्सानी	रु २००
७, मुला	रु ६०
८, पर्बल	रु १००
९, तितेकरेला	रु ६०
१०, भिन्डी	रु ८०
११, च्याउ	रु २४०
१२, काउली	रु १६०
१३, पर्सी	रु ५०
१४, कटहर	रु ४०
१५, काँक्रा	रु ७०
१६, धनियाँ	रु ८०
१७, लोकल बोडी	रु ८०
१८, खर्बुजा	रु ४०
१९, रायो साग	रु १००
२०, लट्टे साग	रु ६०
२१, प्याज	रु ७०
२२, निगुरो	रु २५
२३ दुध	रु. ७०
२४, दही	रु ९०
२५, मोही	रु ५०
२६, घ्यु	रु ७००
२७, राँगाको मासु	रु ४००
२८, बंगुरको मासु	रु ४००
२९, खसीको मासु	रु १,०००

स्रोत: तरकारी बजार व्यवस्थापन समिति

नारायणी ग्यासको अधिकृत विक्रेता (डिलर),गाईघाट

यहाँ ग्यासको रेगुलेटर, चुलो ग्याँस समन्धी सम्पूर्ण सेवा उपलब्ध छ ।

बिक्रेता - **अर्जुन तिम्सिना**
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान- गाईघाट, उदयपुर, पूर्णपुष्टि मिडिया हाउसको पुर्वपटी रहेको मन्दिर को पुलको दक्षिण ।

आजबाट कनकाकाफ क्वाटरफाईनल सुरु

❖ बिबेक राई

गाईघाट, साउन ९

कोपा अमेरिका र यूरोकपपछि विश्व फुटबलप्रेमीको ध्यान तानिरहेको कनकाकाफ गोल्डकपको क्वाटरफाइनल खेलहरु आजबाट सुरु हुँदैछ।

कनकाकाफमा उत्तर अेमरिकी महादेशका राष्ट्रहरुले सहभागिता जनाउँछन् । सुरुमा कनकाकाफ च्याम्पियनसिप नामले यस प्रतियोगितालाई खेलाइए पनि पछि बन्द गरेर कनकाकाफ गोल्डकपको नामले खेलाउँदै आएको छ । अहिले अमेरिकामा भईरहेको गोल्डकपको १६ औं संस्करण हो भने पुरानो च्याम्पियनसिपको संस्करण पनि जोड्दा २६ औं हुन आउँछ। जारी कनकाकाफ गोल्डकपको पहिलो क्वाटरफाइनलमा पाहुनाको निम्तो पाएको कतार र इल साल्भाडोरले खेल्दैछन् ।

कतारको कनकाकाफ गोल्डकपमा पहिलो सहभागिता हो। पहिलो सहभागितामै कतार क्वाटरफाईनल पुग्न सफल भएको छ । जारी प्रतियोगितामा सहभागी १६ राष्ट्रमध्ये १५ ले छनौटमार्फत र कतारले पाहुना टोलीको निम्तो पाएर सहभागिता जनाएको छ ।

एएफसी एसियन कपको गत संस्करणको विजेता र वर्ल्डकपको आउँदो संस्करणको आयोजक भएको नाताले कतारलाई पाहुना टोलीको निम्तो दिइएको थियो । चार समुहमध्ये अन्तिम समुह डी मा कतारले एक बराबरी र दुई खेलमा जीत निकाल्दै समुह विजेता बन्दै क्वाटरफाइनल आईपुगेको हो। हरेक समुहको शीर्ष दुई टोलीले क्वाटरफाईनल खेल्न पाउने नियम अनुसार इल साल्भाडोर पनि समुह ए को उपविजेता बन्दै शीर्ष आठ अर्थात क्वाटरफाईनल आइपुगेको हो ।

समुहमा कतारले पहिलो खेलमा पानामासँग ३-३ को बराबरी खेले पनि दोस्रो खेलमा ग्रेनाडालाई ४-० ले सहजै पराजित गरेको थियो । पछि समुहको अन्तिम खेलमा होण्डुरसलाई २-० ले पराजित गरेपछि समुह विजेता बन्न सफल भएको थियो । इल साल्भाडोरले समुहका सुरुका दुई खेलमा ग्वाटेमालालाई २-० र ट्रिनिडाड एण्ड टोबागोलाई पनि २-० ले नै पराजित गर्दै क्वाटरफाइनल पक्का गरेको थियो । समुहको तेस्रो खेलमा मेक्सिकोसँग १-० ले हारेपनि क्वाटरफाइनल पुग्नबाट बञ्चित हुनुपरेन । कनकाकाफमा कतारको पहिलो सहभागिता होभने इल साल्भाडोर चाँहि कतारभन्दा अलिक सफल देखिन्छ ।

इल साल्भाडोर दुईपटकको उपविजेता हो । सन् १९६३ र १९८१ मा कनकाकाफ च्याम्पियनसिपको नामबाट खेलाइँदा इल साल्भाडोर उपविजेता भएको थियो । तर इल साल्भाडोर र कतारको हेड टु हेड हेर्दाभने कतार सफल भएको देखिन्छ। यी दुई टोलीको अहिलेसम्म जम्मा एकपटक भेट भएको छ जसमा कतारले जीतहात पारेको थियो । तीन हप्ताअघि क्रोएशियामा भएको मैत्रीपूर्ण खेलमा कतारले १-० ले विजयी भएको थियो । त्यतिबेला ६९ औं मिनेटमा विजयी गोल गर्ने अलमोइज अलि अहिलेपनि कतारको टोलीमा छन् । यसपटकको भेटमा पनि उनले नै कतारलाई फेरी विजयी बनाउन सक्छन् । नेपाली समयअनुसार यी दुईको क्वाटरफाइनल खेल बिहान ५:१५ मा हुनेछ ।

आईतबार नै अर्को क्वाटरफाइनल खेलपनि हुनेछ। यी दुईको खेलपछि बिहान ७:४५ बजे मेक्सिको र होण्डुरसले सेमिफाइनल पुग्नलाई प्रतिस्पर्धा गर्नेछन् । मेक्सिको समुह ए को विजेता बन्दै क्वाटरफाइनल आइपुगेको होभने होण्डुरस समुह डी बाट उपविजेता बन्दै आइपुगेको हो । कनकाकाफमा मेक्सिको सबैभन्दा सफल टोली भएकोले होण्डुरसलाई केही गाह्रो पर्ने देखिन्छ । च्याम्पियनसिप र गोल्डकप गरेर अहिलेसम्म मेक्सिकोले सर्वाधिक ११ पटक उपाधि जितेको छ भने होण्डुरसले एकपटक मात्र जितेको छ।

पाण्डे श्री सप्लायर्स & ट्रेडर्स

त्रिनपा – ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसंगै जोडिएको। प्रोपाइटरः–**बिनोदकुमार पाण्डे** सम्पर्कः– ९८५२८३०५८२ *यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।*

गाडी रिजर्भ चाहिएमा

डाईभर नन्दु चौधरी
मो.न.९८४२९९०५४,
९८५२८३७५८२

प्रियंका फैन्सी पसल

यहाँ सुपथ मुल्यमा साउन महिनाको सेट,कुर्ता, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, बच्चाको कपडा सेट, विभिन्न डिजाइनमा पाइन्छ । स्थान - गाईघाट, मेनचोकको पूर्वबाँया साइड। सम्पर्क - ९८४२८७६६८४


सप्तकोशी होटल एण्ड लज
न्यु सप्तकोशी होटल एण्ड लज
त्रि.न.पा. –११, संगम टोल
यहाँ खान बस्नुको राम्रो प्रवन्ध साथै कोल्ड ड्रिक्स पनि पाईन्छ ।

प्रोपाइटर-कैलाश चामलिङ राई
सम्पर्क - ९८६२८३४६५६
९८४२९८३५१०

माझखर्क साप्ताहिकको सह-प्रकाशन मुलुकी

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः– ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट